स्थानीय सरकार
# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मिति : २०८२/१२/०४

श्री वडा कार्यालय सबै (१-१९)
घोराही उप-महानगरपालिका, दाङ

**विषय : बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८३/०८४ का लागि चालु आ.व.मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकहरुले चैत्र महिनाभरीमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) **बेरोजगार व्यक्ति सूचीकरणसम्बन्धी व्यवस्था**

क) १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको हुनुपर्ने,

ख) निवेदन दिँदाको मितिसम्म सोही आ.व.मा न्यूनतम १०० दिनको रोजगारमा संलग्न नभएको हुनुपर्ने,

ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (रु. ७५,४००।-) भन्दा कम आय भएको हुनुपर्ने ।

२) **आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) अपाङ्ग भएको भए अपाङ्गता परिचयपत्रको प्रतिलिपि

ग) निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको व्यक्ति भए सो व्यहोरा खुल्ने कागजात

घ) निवेदकको पूर्ण पारिवारिक विवरण (सम्पूर्ण पारिवारिक विवरण नआएमा निवेदन दर्ता हुनेछैन ।)

३) बेरोजगार दर्ता निवेदन फाराम सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

४) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पूरा गरेको प्रमाणित गर्नुपर्ने ।

५) कागजात अपुग भएमा, विवरणहरु अपूर्ण भएमा र तोकिएको समयभित्र फाराम भर्न छुटेमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्न नसकिने र आ.व. २०८३/०८४ मा उपलब्ध हुने काममा समावेश गराउन नसकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०८२/१२/०४

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत